# लहान नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

(प्रधानमन्त्री रोजगार कार्यक्रम)

लहान (सिरहा)

प्रदेश नं. २, नेपाल

☎ :- ०३३ { ५६०१३८ कार्यालय, ५६०१३९ प्रशासन, ५६०३७० राजश्व, ५६०१३७ फ्याक्स

पत्र संख्या :- २०७६/०७७

चलानी नं. :- २१८४

मिति :- २०७६/०९/२४

विषय :- सार्वजनिक सूचना ।

प्रस्तुत सन्दर्भमा रोजगार सेवा केन्द्र मार्फत गत वर्ष २०७५ चैत्र देखि २०७६ बैसाख मसान्त सम्म वेरोजगार व्यक्तिको नाम सूचिकृत हुनको लागि निवेदन आव्हान गरी संकलन गरिएको ब्यहोरा यहाँहरुलाई अवगत नै छ । सूचीकृत बेरोजगार व्यक्तिलाई चालु आ.व. २०७६/०७७ मा सार्वजनिक विकास निर्माण कार्यमा न्यूनतम १०० दिनको रोजगारी प्रत्याभूत गराउन सम्पूर्ण विवरण रोजगार व्यवस्थापन सूचना प्रणालीमा प्रवृष्टि गर्नु पर्ने भएकोले उक्त कार्यका लागि चाहिने विवरण यस अघि भरिएको फारममा अपूर्ण रहेको हुँदा सो प्रणालीमा प्रविष्टि गर्दा दर्ता अस्वीकार गर्ने भएकोले सम्बन्धित वडाको सूचिमा नाम भएका सम्बन्धित व्यक्तिहरुलाई आ-आफ्नो वडा कार्यालयमा सम्पर्क गरी पुरानो भरेको फारम सच्याउन हुन अनुरोध छ । अन्यथा अधुरो फारम रद्द भएको मानिने र रोजगार सेवा केन्द्र लहान जिम्मेवार नहुने व्यहोरा यसै सूचना मार्फत जानकारी गराईन्छ ।

२०७६.९.२४

खेम नन्द भूषाल

प्रमुख प्रशासकीय अधिकृत

नोटः- *निवेदन फारम सच्याउन जाँदा आफ्नो परिवारको सम्पूर्ण सदस्यहरुको नागरिकता प्रमाणपत्रको स्पष्ट देखिने प्रतिलिपि , नागरिकता नभएको खण्डमा जन्मदर्ताको प्रतिलिपि, महिलाको हकमा विवाहदर्ता प्रमाणपत्रको प्रतिलिपि र अन्य स्थानिय निकाय वाट बसाईसराई गरि आएको भए बसाईसराई प्रमाणपत्रको प्रतिलिपि निवेदन लिएर जान हुन समेत अनुरोध छ ।*